# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०७७/७८
चलानी नं. : —

मितिः२०७७।१२।२५

विषयः आधारभूत तह (कक्षा ८) परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना।

श्री आधारभूत तह (कक्षा ८) संचालित सम्पूर्ण विद्यालयहरु,
चन्द्रकोट गाउँपालिका, गुल्मी।

प्रस्तुत सम्बन्धमा यस गाउँपालिका परीक्षा समितिको मिति २०७७/१२/२५ गतेको निर्णयानुसार आधारभूत तह (कक्षा ८) को गाउँपालिका स्तरीय परीक्षा मिति २०७८/०२/०२ गतेदेखि संचालन गर्ने निर्णय भएको हुनाले परीक्षामा सम्मिलित हुने परीक्षार्थीको परीक्षा आवेदन फाराम भरी तपसिलअनुसारको कागजातसहित मिति २०७८/०१/१५ गतेभित्रमा शिक्षा, युवा तथा खेलकुद शाखामा वुझाउनुहुन अनुरोध छ।

तपसिलः

१. जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि।
२. विद्यार्थीको व्यक्तिगत विवरणको समष्टिगत विवरण।
३. परीक्षार्थीको हाल सालै खिचिएको २ प्रति पासपोर्ट साइजको फोटो।

..........०७७।१२।२५
नयन सिंह ठकुरी
शिक्षा अधिकृत

नयन सिंह ठकुरी
शिक्षा अधिकृत

पुनश्चः

१. आवेदन फाराम भर्ने परीक्षार्थी मिति २०७७ फागुन मसान्तसम्ममा १२ वर्ष पुरा पुगेको (जन्ममिति वि.सं.२०६५/११/३०सम्मको) हुनुपर्नेछ।
२. यस वर्षदेखि IEMIS बाट परीक्षा सम्बन्धी व्यवस्थापनको कार्य गरिने भएकोले परीक्षार्थीको नाम, थर, जन्ममिति तथा अन्य विवरण पछिसम्म फरक नपर्ने गरी शुद्धाशुद्धी हेरी IEMIS अपडेट गर्नुपर्नेछ।